म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २६ | बिहीबार ०९ भदौ २०७९ | ने. सं. ११४२ गुँलागा | 25 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**विज्ञापन आचारसंहिताको पालना गरौं**

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं ।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं ।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं ।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं ।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं ।
- कुनै जात, जाती, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाने विज्ञापन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मकवानपुरमा मिटरब्याजीको जालोः ११ जनाले दिए उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ अनुचित ब्याज लिने लोभमा गरिब, विपन्नलाई मिटरब्याजमा रकम दिएर घरबार उठाउन खोज्नेहरुको जमात मकवानपुरमा पनि देखिएका छन् ।

एकाइसौं शताब्दीमा सर्वसाधारणले चोके ब्याजको फन्दामा परेर घरबार गुमाउने अवस्था आउनु सामान्य कुरा हैन । सर्वसाधारणको आपत्तकालीन समस्यामा मौकाको फाइदा उठाउँदै अनुचित ब्याज लिन रकम मिटरब्याजमा लगाउनेहरु मकवानपुरमा धेरै रहेको खुलेको छ ।

मकवानपुरमा यसअघि मिटरब्याजीहरुको खबर त्यति धेरै सार्वजनिक हुँदैनथ्यो । विगत केही समयअघि *साझाकुरा* दैनिकले जोगीको भेषमा एक व्यक्तिले मिटरब्याजको धन्दा चलाइरहेको भन्दै समाचार प्रकाशित गरेको थियो ।

उक्त समाचारपछि मिटरब्याजीहरुविरुद्ध पीडितहरु एकजुट हुन थालेका थिए । मकवानपुरका मिटरब्याजीहरु पीडितसँग कागज गरेपनि उक्त प्रमाण भने आफैंले राखेर चतुर्ता देखाउँदै आएका थिए ।

आफ्नो साथमा प्रमाण नभएपछि पीडितहरुले मिटरब्याजीहरुविरुद्ध बोल्न सक्ने अवस्था हुँदैनथ्यो । हाल सरकारले मिटरब्याजीहरुविरुद्ध देशभर उजुरी दिन आग्रह गरेपछि मकवानपुरमा पनि अनुचित ब्याजको लोभमा मिटरब्याज लगाउनेहरुमाथि उजुरी पर्न थालेको हो ।

बुधबारसम्म ११ जनाले मिटरब्याजीविरुद्ध उजुरी दिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ । मंगलबार ९ जनाले उजुरी दिएकोमा बुधवार थप २ जनाले उजुरी दिएका थिए । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले बुधवार सम्म ११ जनाको उजुरी परेको *साझाकुरा*लाई जानकारी दिए ।

प्रशासनले पीडकहरुको नाम भने खुलाएको छैन । पीडकहरु भाग्न सक्ने भएकाले हाल नाम उपलब्ध गराउन नसकिने सहायक प्रजिअ गैह्रेले बताए । उनका अनुसार कतिपय उजुरीमा प्रमाण खुलेको छैन । प्रमाणसहित आएका उजुरीको हकमा भने तत्काल कारबाही प्रक्रिया अगाडि बढाइने उनले बताए । गैह्रेले पहिलो चरणमा सबै उजुरीको हकमा दुबै पक्षलाई प्रशासनमा बोलाएर सहमतिका लागि छलफल गरिने बताए । सहमति हुन नसके प्रमाण भएका उजुरी प्रहरीकोमा पठाइने बताए । गृह मन्त्रालयले समेत जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा प्रजिअहरुले सम्बन्धित पक्षलाई झिकाएर नियमसंगत लेनदेन भएको भए आपसी सहमतिमा उजुरी छिनोफानो गर्न निर्देशन दिएको छ ।




सहमति हुन नसकेको उजुरीका सम्बन्धमा कानुनी प्रक्रिया सुरु गर्न प्रहरी कार्यालयमा पठाउन भनिएको छ । जिल्ला प्रशासनलाई दिइएको निर्देशनमा स्थानीय निकाय र प्रमुख जिल्ला अधिकारी (सीडीओ) कार्यालयको क्षेत्राधिकार नपर्ने उजुरीका सम्बन्धमा मन्त्रालयमा जानकारी गराउन निर्देशन दिइएको छ ।

मिटरब्याजीको समेत आम्दानीको आर्थिक स्रोत, जायजेथा, र सम्पत्तिको स्पष्ट अनुसन्धान गरी ठूला कारोबारको सम्बन्धमा विशेष छानबिन गर्न भनिएको छ । सबै प्रकारका मिटरब्याजीविरुद्धको उजुरी दर्ता गर्ने, कारबाही चलाउने प्रक्रिया नियन्तरता दिनको लागि निर्देशन छ ।

'मिटरब्याज'का नामबाट कुख्यात यस फन्दामा परेका व्यक्तिहरुले सावाँभन्दा बढी ब्याज तिर्दा पनि उम्कन नसकेका थुप्रै घटना मकवानपुरमै देखिएको हो । पैसाको गर्जो टार्न विशेष गरी गरिबहरुले ब्याजमा पैसा लगाउने धन्दा गर्नेहरुसँग प्रचलित दरभन्दा धेरै बढी ब्याज तिर्ने कबोल गरेर पैसा लिन्छन् ।

यसरी ऋण लिनेमध्ये अधिकांश गरिबमात्र नभई निरक्षर समेत हुन्छन् । नेपालकै तराई क्षेत्र वा भारत घर भई मकवानपुरमा व्यवसायी चलाउँदै आएका, गरिब, सोझासाझालाई मिटर ब्याजीहरुले प्रयोग गर्ने गरेका हुन् । मिटरब्याजीहरुको नजरमा गरिब, विपन्न, पहुँच नभएका, बोल्न नसक्ने, साथ दिने कोही नभएकाहरुलाई पर्ने गरेको देखिएको छ ।

चर्को ब्याजमा लगानी गरेर विपन्न नागरिकको उठिबास लगाउने मिटरब्याजीविरुद्ध मकवानपुरमा ११ जनाले उजुरी दिएपनि उजुरी दिनेहरुको संख्या बढ्ने देखिन्छ । सरकारले गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुषाललाई संयोजक बनाएर मिटरब्याजी बिरुद्ध अभियान नै सञ्चालन गरेपछि मकवानपुरमा पनि मिटरब्याजीबाट पीडित बनेकाहरुले उजुरी दिएका हुन् । सरकारले मिटरब्याजीविरुद्ध अभियान नै सञ्चालन गरेर कारबाही सुरु गरेपछि पीडितहरु उजुरी लिएर आउने क्रम सुरु भएको जिप्रका मकवानपुरका प्रवक्ता सहायक प्रजिअ गैह्रेले जानकारी दिए ।

गत २७ साउनमा गृहमन्त्रीस्तरीय निर्णयबाट मिटरब्याजी अपराध नियन्त्रणका उपाय सिफारिस गर्न कार्यदल गठन गरिएको थियो । कार्यदलले देशभर नै मिटर ब्याजीबिरुद्ध प्रमाणसहित उजुरी दर्ता गराउन सूचना जारी गरेपछि आइतबार कार्यालय समयसम्म एक हजार ९ सय ३७ जना मिटर ब्याजी पीडितले उजुरी दर्ता गराएको कार्यदलले जनाएको छ ।

मधेश प्रदेशमा सबैभन्दा बढी एक हजार ३ सय ३० जनाको उजुरी परेको छ । प्रदेश १ मा ९२, बागमतीमा २ सय २, गण्डकीमा ३५, लुम्बिनीमा २ सय ११, कर्णालीमा २२ र सुदूरपश्चिममा ४५ वटा उजुरी परेका छन् ।

'नेपाल सरकारको नीति तथा कार्यक्रम २०७९/८० को बुँदा नम्बर ३३ मा विपन्न परिवारको संरक्षण गरी गरीबीको दुस्चक्रबाट बाहिर ल्याउने नीति लिइने र बुँदा नम्बर १३१ ले मिटरब्याजीलाई अपराधीका रुपमा चित्रण गरेको छ ।' सरकारले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पठाएको निर्देशनमा उल्लेख छ ।

## ४ जना कोरोना संक्रमित थपिए



हेटौंडा, ८ भदौ/ मकवानपुरमा थप ४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

बुधबार २३ जनाको स्वाब परीक्षण गर्दा ४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकअनुसार बुधबार १० जना कारोना संक्रमणमुक्त भएका छन् । हाल मकवानपुर जिल्लामा कोरोनाका १२ जना सक्रिय संक्रमित छन् ।

## सहकारीमा रकम हिनामिना प्रकरणः २ सय ३२ बचतकर्ताको उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ हेटौंडा उपमहानगरपालिकाको २ नम्बर वडामा रहेको जनचेतना स्वावलम्बन बचत तथा ऋण सहकारी लिमिटेडले लाखौं रकम हिनामिना गरेपछि २ सय ३२ जनाले उजुरी दिएका छन् ।

बचतकर्ताको ४६ लाख भन्दा बढी बचत हिनामिना भएको घटनामा सहकारीका सञ्चालकहरु जिल्ला प्रहरी कार्यालयको हिरासतमा छन् । सहकारीको संचालक समितिका अध्यक्ष धादिङ फुलखर्क घर भई हेटौंडा-८ बस्ने ४० वर्षीय रामकृष्ण अधिकारी र कोषाध्यक्ष हेटौंडा-८ का ३२ वर्षीय राजीव तामाङ हालसम्म पनि प्रहरी हिरासतमै छन् । अधिकारी र तामाङलाई दर्जनौं बचतकर्ताहरुले सहकारीको पासबुकसहित १ भदौमा उजुरी दिएपछि प्रहरीले पक्राउ गरेको थियो । बुधवारसम्म उनीहरुविरुद्ध उजुरी गर्ने २ सय ३२ पुगेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।




मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीका अनुसार हालसम्म २ सय ३२ जनाले उजुरी दिइसकेको र आगामी दिनमा उजुरी दिनेको संख्या बढ्ने देखिएको छ । पीडितहरुका अनुसार उजुरी दिनेको संख्या ५ सय जना पुग्ने जनाइएको छ । सहकारीमा बचतकर्ताले जम्मा गरेको ४६ लाख बढी रकम हिनामिना भएको घटना भने पुरानै हो । उक्त घटना यसअघि नै जिल्ला प्रहरी कार्यालयमा पुगेको थियो । प्रहरी कार्यालयमा सहकारी सञ्चालक अधिकारी र तामाङले पीडितहरुसँग निश्चित समय तोकेर रकम उपलब्ध गराउने सहमति गर्दै चेक दिएका थिए । तर, तोकिएको समयमा पैसा फिर्ता नगरेपछि पीडितहरु प्रहरीकोमा पुगेका हुन् ।

सहकारीका अध्यक्ष अधिकारी र कोषाध्यक्ष तामाङले प्रहरीको रोहबरमा पीडितहरुलाई तीन महिनाभित्र हिनामिना भएको रकम फिर्ता गर्ने गरी २०७९ जेठको दोस्रो हप्तामा सहमति गरेका थिए । पीडितहरुले बचत रकम सबै फिर्ता मागेपछि अधिकारी र तामाङले पीडितहरुले तीन महिनाभित्र ७२ लाख रुपैयाँ फिर्ता गर्नेगरी सहमति गरेका थिए । हिनामिना भएको ४६ लाख र ऋण लगानी भइसकेको सर्वसाधारणको बचत रकम गरेर ७२ लाख फिर्ता गर्ने सहमतिमा जनाइएको थियो ।

सहकारीको हेटौंडा-१२, पदमपोखरीमा रहेको १ कठ्ठा जग्गा र दुईतले घर बिक्री गरेर पीडितको रकम तिर्ने अध्यक्ष अधिकारी र कोषाध्यक्ष तामाङले सहमति गरेपनि हालसम्म रकम नतिरेका हुन् । हेटौंडा-१, चौकीटोल गैरीगाउँका सुनिल बानियाँले २०७८ मंसिरमा जनचेतना स्वावलम्बन बचत तथा ऋण सहकारीमा १२ लाखको मुद्दती बचत गरेका थिए ।

सहकारीले नै तीन महिनालाई मुद्दती राख्न पाउने बताएपछि उनले १२ लाख रुपैयाँ लगेर बचत गरेको *साझाकुरा*लाई यसअघि नै जानकारी गराएका हुन् । तीन महिनापछि मुद्दतीको रकम लिन सहकारी पुग्दा भने उनी छाँगाबाट खसेझैं भए । सहकारीले उक्त समयमा पैसा फिर्ता नगरी बैंकबाट १ करोड ऋण पास हुन लागेको भनेर उनलाई फर्काएको थियो । १२ लाख रुपैयाँ मुद्दतीमा राखेर थप पैसा व्यापारमै लगानी गर्ने योजना बनाएका बानियाँलाई सहकारीले डुबाएको थियो ।

सहकारी संस्थामा करिब ८ सय जना बचतकर्ताको २-४ हजारदेखि लाखौं रुपैयाँसम्म मुद्दतीमा राखिएको रकम हिनामिना भएको पीडितहरुको भनाइ छ । छोरीको करिब २८ हजार बचत पनि सहकारीले हिनामिना गरेको भन्दै १ नम्बर वडाकी सरस्वती भ्लोन प्रहरीकोमा पुगेकी छन् ।

सरस्वतीजस्ता ज्याला मजदुरी गर्ने र गृहिणी सयौं महिलाको बचत रकम सहकारीले हिनामिना गरेको आरोप छ । सहकारीले आर्थिक अपचलन गरेको करिब दुई वर्ष हुन लागेको छ ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# विभेदपूर्ण लिङ्ग छनौट डरलाग्दो सामाजिक समस्या

विभेदपूर्ण लिङ्ग छनौट एउटा डरलाग्दो सामाजिक समस्याको रूपमा अगाडि आएको छ । गर्भमै लिङ्ग पहिचान गरी आवश्यकता अनुसार जन्म दिने वा गर्भपतन गरिदिने गलत सामाजिक समस्याको विकास भइरहेको छ । हेटौंडामा भएको विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८ बारे प्रदेश स्तरीय कार्याशालामा सहभागी जिम्मेवार व्यक्तिहरूको प्रस्तुतिबाट यो गम्भीर सामाजिक समस्याको रुपमा अगाडि बढिरहेको पाइएको हो । लैङ्गिक समानता हासिल गर्न र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउन निर्धारण गरिएका सूचकहरूको विकास, सम्वर्द्धन र प्रवर्द्धनका लागि रणनीति आवश्यकता खड्किए छ । सरकारले नीति बनाउने तर, त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा समस्या ज्यूँकात्यूँ रहेको सरोकारवालाहरुको भनाइबाट स्पष्ट हुन सकिन्छ ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४, परिच्छेद १३ को गर्भ संरक्षण विरूद्धको कसूर अन्तर्गत् दफा १८८ र १८९ मा लिङ्ग पहिचान गरी गरिने वा गराइने गर्भपतनलाई अपराधको रूपमा परिभाषित गरी दण्ड र सजायको व्यवस्था गरेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ (परिच्छेद ४ को दफा १७) ले पनि यसै कुरालाई जोड दिएको हँदा कार्यान्वयन गर्नुपर्ने नीतिमा उल्लेख छ । तर, नीति कार्यान्वयनका लागि संघ, प्रदेश वा स्थानीय सरकारले न स्पष्ट कार्यक्रम ल्याउन सक्यो न कार्यान्वन तहमा बस्नेले यसमा चासो दिए । कार्यक्रम र समन्वयको अभाव तथा आम नागरिकमा छोराछोरीको महत्वबारे रहेको गलत बुझाईबाट यो समस्या समाधान हुन नसकेको देखिन्छ । यसको लागि चिकित्सक तथा स्वास्थ्यकर्मी, पुरुष, महिला, किशोरकिशोरी, नागरिक समाजलगायत आम सरोकारवालाहरूको भूमिकालाई प्रवर्द्धन र उजागर गर्दै लैजानु पर्दछ । सरकारले विभेदपूर्ण लिङ्ग छनौट अन्त्य गर्ने लक्ष्य राखी सन् २०३० सम्मका लागि रणनीति तयार गर्न आवश्यक पहल गरिरहेकोमा उक्त लक्ष्य हालिस गर्न कानुन कार्यान्वयनमा सशक्तीकरण आवश्यक देखिन्छ ।

लैङ्गिक विभेद गर्ने दम्पत्ति, भिडियो एक्स-रे गरेर लिङ्ग पहिचान गरिदिने स्वास्थ्यकर्मी, त्यस्ता स्वास्थ्य संस्थाहरुलाई यसमा पूरा जिम्मेवार बनाउनुपर्ने हुन्छ । कानून कार्यान्वयनको सन्दर्भमा कडा सजायको व्यवस्था गर्नुपर्छ । संघीय सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले मात्रै चाहेर यो समस्या हल गर्न सक्ने अवस्था होइन । छोरीलाई कम महत्व र छोरालाई बढी महत्व दिने परिस्थिति समाजले सृजना गरेको हुनाले समाजले नै जिम्मेवार भएर यसको परिवर्तनको लागि लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ १० गते शुक्रबार २६ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष चतुर्दशी । गुँलागा ११४२ । सूर्योदय: ५:४०, सूर्यास्त: ६:२९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काम बन्नाले उत्साह जाग्नेछ | **तुला** | : भाग्योदयको समय रहनेछ |
| **वृष** | : कामको उचित प्रतिफल पाइनेछ | **वृश्चिक** | : काममा उत्साह बढ्नेछ |
| **मिथुन** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **धनु** | : प्रेमको बन्धन कसिनेछ |
| **कर्कट** | : पारिवारिक समस्या आउनसक्छ | **मकर** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| **सिंह** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | **कुम्भ** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कन्या** | : अधुरा योजना पूरा हुने देखिन्छ | **मीन** | : पवित्र कर्ममा मन जानेछ |

# के मानिसभन्दा बौद्धिक प्राणी सम्भव छ ?



तपराज जोशी

सत्यको खोज सुरुमा बेवास्ता गरिन्छ, विचमा संशयको दृष्टिले हेरिन्छ र अन्ततः स्वीकार गरिन्छ । सत्यको खोजको लागि आत्माकेन्द्रीत व्यक्तिवादविरुद्ध आफैभित्र लड्न सक्नु पर्दछ ।

केही दिन अघि मैले सामाजिक सञ्जाल फेसबुकमा कठोर निर्णयको मोडमा केही कुरा लेखेपछि थुप्रै साथीहरुको प्रतिक्रिया प्राप्त भएको छ । यो लेख त्यसैमा केन्द्रीत छ । कतिपयको चिन्ता मैले पार्टी छोड्न लागेको हो कि भन्ने देखियो । पार्टीमा लाग्नु कुनै डकैती काम नभएकोले रातारात अनायासै पार्टी छोड्ने कुरा मेरो कल्पना भन्दा बाहिरको कुरा भयो । कोही पनि मान्छे पार्टीमा सहभागी हुने भनेको पार्टीको दर्शन, विचार, सिद्धान्त, राजनीति, संगठन, कार्यशैलीको कारण हो । आधारभूत रुपमा सहमत भएर नै पार्टीमा रहन्छ र रहनुपर्दछ ।

मेरो सवाल फरक हो । कोरोनाकाल यता म अलि बृहद् ढंगले सोचिरहेको छु । यो पृथ्वीमा रहेका सर्वोत्तम मस्तिष्कले कसरी सोचिरहेका छन् ? दर्शन, विज्ञान, अर्थशास्त्र, इतिहास, राजनीति लगायतका म ती सामग्री खोजिरहेको छु ।

मानव जातिको इतिहासमा ज्ञान यति बृहत् र साझा गरिएको यस अघि कहिल्यै थिएन । मानव जिज्ञासु प्राणी हो । यसले अनन्त प्रश्न गर्दछ र उत्तरसमेत खोज्दछ । हामी कम्युनिष्टहरु साँचो अर्थमा कम्युनिष्ट भइरहने हो भने वा योग्य मान्छे हुने हो भने कुनै अहंकार र जड्ता नपालिकन मानव जातिले आर्जन गरेका सर्वोच्च ज्ञानले लैस हुनै पर्दछ । मेरो कठोर निर्णय यही हो: ज्ञानको भोक र अनन्त खोज ।

हाम्रो घरलाई स्यालपानीको घर भन्छन् । जगतिपुर गाउँ, भेरी नगर पालिका-११, जाजरकोट । कर्णाली प्रदेशको नेपाल देशमा पर्ने यो क्षेत्रको बिस्तार हेर्दै जाने हो भने महादेश एशिया । गोलार्द्ध दक्षिण । ग्रह पृथ्वी । मध्यम स्तरको ताराको सौर्य प्रणाली । तारापुञ्ज आकाशगंगा । अवलोकन योग्य ब्रह्माण्ड र अनुमान योग्य बहुब्रह्माण्डहरु । यसरी विस्तार हुन्छ, हाम्रो कहानी र हाम्रो परिचय । सानोबाट ठूलो तिर ।

सत्यको खोज सुरुमा बेवास्ता गरिन्छ, विचमा संशयको दृष्टिले हेरिन्छ र अन्ततः स्वीकार गरिन्छ । सत्यको खोजको लागि आत्माकेन्द्रीत व्यक्तिवादविरुद्ध आफैभित्र लड्न सक्नु पर्दछ । मेरो कठोर निर्णय आफै विरुद्धको निर्णय हो । म यहाँ केही शीर्षकमा छलफल गर्नेछु, जुन आजको मानव जातिले मुख्य सवालको रुपमा बहस गरिरहेको छ ।

### १. ब्रह्माण्ड

हजारौं वर्षदेखि ब्रह्माण्डको उत्पत्ति बारेमा मानव जातिले बहस गर्दै आइरहेको छ । हामीले ब्रह्माण्ड अर्थात् प्रकृतिको नियमहरु किन जान्नु पर्दछ ? आफ्नो हितमा प्रयोग गर्न । जति गहिराइमा गएर हामीले प्रकृतिका नियम जान्दछौं, त्यसरी नै तिनलाई प्रयोग गर्न सक्षम हुन्छौं । हाम्रो अवलोकनयोग्य ब्रह्माण्डको बारेमा सृष्टिकालीन, सदाकालीन र महाविस्फोटवाला गरी तीनथरी मत छन् ।

सृष्टिकालीन मतका अनुसार भगवान्ले ब्रह्माण्डको सृष्टि गरेको भन्दछ । तर यस मतले भगवानले कहिले, किन सृष्टि गरे ? सृष्टि गर्नुअघि भगवान्को पेशा के थियो ? भगवानका आमाबुवा थिए वा थिएनन् भन्दैन । थिएनन् भने भगवान्को सृष्टि कसले गर्यो ? उहाँले किन बीच बीचमा नष्ट गर्नुहुन्छ, त्यो पनि भन्दैन । सदाकालीन मतका अनुसार यो ब्रह्माण्डकोसृष्टि कसैले गरेको होइन । न त यसको कसैले अन्त नै गर्नेछ । बरु सदाकालदेखि यो ब्रह्माण्ड यस्तै थियो र यस्तै रहनेछ । भौतिकवादको एउटा शाखाले यसै मतसँग आफ्नो साइनो गाँसेको छ । महाविस्फोटवाला मत अन्तर्गतको दृष्टिकोणअनुसार लगभग तेह्र अर्ब असी करोड वर्षअघि अत्यन्तै संघनीत सुक्ष्मतम् वस्तुबाट यो ब्रह्माण्डको सृष्टि भएको हो । त्यससँगै पदार्थ, उर्जा, समय र स्थानको उत्पत्ति भएको हो । अर्को शब्दमा, ब्रह्माण्ड बन्नको लागि तीनवटा वस्तु चाहिन्छ, पदार्थ, उर्जा र स्थान । विख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले पदार्थ उर्जामा र उर्जा पदार्थमा रुपान्तरण हुन्छ भन्ने पुष्टि गरे । अब हामी भन्न सक्छौं कि ब्रह्माण्ड बन्नको लागि उर्जा र स्थान चाहिन्छ ।

महाविस्फोट भएको समयलाई जिरो सेकेन्ड मान्ने हो भने त्यसको एकको पछाडि माइनस छत्तिस शून्य सेकेण्डमा ब्रह्माण्डको तापक्रम सात खर्ब डिग्री सेन्टिग्रेड थियो । महाविस्फोट भएको एक सेकेण्डपछि तापक्रम दश अर्ब डिग्रीमा झर्यो भने सय सेकेण्डपछि एक अर्ब डिग्रीमा झर्यो । त्यतिबेला ब्रह्माण्डको विस्तारको गति प्रकाशको भन्दा पनि तीव्र थियो । त्यस यता ब्रह्माण्ड निरन्तर विस्तार हुँदै गइरहेको छ र निरन्तर चिसो हुँदै गइरहेको छ । आजकाल महाविस्फोटको सिद्धान्त वैज्ञानिकहरुका बीचमा सर्वस्वीकृत सिद्धान्त बन्न गएको छ ।

### २. जीवको उत्पत्ति

प्रकृतिको सबैभन्दा ठूला रहस्यमध्ये एक हो जीवको उत्पति । अहिलेसम्म हाम्रो ग्रह पृथ्वीमाबाहेक अन्यत्र जीवको अस्तित्व रहेको पत्ता लागेको छैन । हाम्रो सूर्य मध्यम स्तरको तारा हो । यसका वरपर आठवटा ग्रह छन् । यो सूर्य आकाशगंगा तारापुञ्जभित्र पर्दछ । आकाशगंगाभित्र एक सय अर्ब तारा रहेका छन् भनिन्छ । त्यस्ता तारापुञ्जहरुको संख्या पनि एक सय अर्ब छन् । अब तारा र ग्रहको औसतमा हेर्दा यो ब्रह्माण्डमा रहेका ग्रहको संख्या दुई अर्ब अनुमान गरिन्छ । हाम्रो पृथ्वी र सौर्यमण्डल साढे चार अर्ब वर्ष पहिले बने । जबकि प्रथम तारा बाह्र अर्ब अठासी करोड वर्ष अघि नै बनिसकेका थिए । हुन सक्छ, केही तारा लोप भएपछि यी नयाँ तारा बनेका होलान् ।

कुनै ग्रहमा हामीभन्दा लाखौं वा करोडौं वा अर्बौं वर्ष अघि विकसित जीव वा सभ्यता हुन सक्दछ । तिनीहरु कस्ता होलान् ? दुई खुट्टाले, तीन खुट्टाले, चार खुट्टाले वा अझ धेरै खुट्टाले हिँड्छन् कि चराजस्तै आकाशमा उड्ने या माछाजस्तै पौडिन्छन् ? तिनीहरु कस्तो भाषा बोल्छन् होला ? तिनीहरुसँग सभ्यता कस्तो होला ? कस्ता खाले प्रविधि प्रयोग गर्दछन् होला ? खानेकुरा के के खान्छन् होला ? तिनीहरु उर्जाको रुपमा के के प्रयोग गर्दछन् होला ? हामीजस्तै पन्ध्र करोड किलो मिटर टाढाबाट आएको प्रकाशलाई उर्जामा रुपान्तरण गर्दछन् होला वा सिंगो आकाशगंगाको प्रकाशलाई उर्जाको रुपमा प्रयोग गर्दछन् होला ? के तिनीहरुसँग कुनै दिन हाम्रो भेट होला ?

यदि भेट भएमा हामीले एकापसमा कुन भाषामा कुरा गर्ने होला ? दोभासे को होला ? कुटनीतिक मर्यादा कसरी कायम गर्ने होला ? हाम्रो राष्ट्रपति र उसको प्रोटोकल के हुने होला ? कतै ती एलियनहरु हामीभन्दा अति नैविकसित अवस्थामा रहेको र कुरा नमिल्दा हामीहरु पृथ्वी निवासी सबैलाई क्षणभरमै सखाप पार्ने त होइनन् आदि । त्यसैले विख्यात वैज्ञानिक स्टेफन हकिङले सजिलै एलियनहरुसँग सम्पर्क नगर्न भनेका छन् । मानव जातिले समयक्रममा यी प्रश्नको जवाफ फेला पार्नेछ ।

यस ग्रहमा हामी जीवहरु रहनु अनन्त संयोगको श्रृंखला हो । यदि हाम्रो सूर्य अहिले भएको भन्दा बीस प्रतिशत ठूलो वा सानो भएको भए हामी यहाँ हुने थिएनौं । या हामी धेरै चिसोले कठांग्रिन्थ्यौं वा धेरैतातोले पग्लिन्थ्यौं । भनिन्छ, अहिले हामी छैठौं महाविनाशको नजिक छौं । यस अघि पाँचवटा महाविनाश भइसकेका छन् । अन्तिम महाविनाश करीब छ करोड वर्ष अघि एउटा उल्कापिण्ड पृथ्वीमा ठोक्किदा भएको थियो । जसको कारण पृथ्वीमा भूइचालो आयो, आगलागी भयो, ज्वालामुखी विस्फोट भयो । वर्षौसम्म आकाश कुहिरोले ढाकिदा बरफ जम्यो र लगभग नब्बे प्रतिशत जीवजन्तु सखाप भए, जसमा डायनोसर पनि पर्दछ । हामीलाई एक सय पचपन्न वर्ष अघि नै चार्लस डार्विनले भनिसकेका छन् कि जीव र वनस्पतिको कोही सृष्टिकर्ता छैन । प्राकृतिक तवरले यसको विकास भएको हो । साढे चार अर्ब वर्षको रहस्यको जवाफ उनले हामीलाई दिएका छन् ।

### ३. कसरी बन्यो मान्छे ?

पृथ्वी बनेको एक अर्ब वर्षसम्म यहाँ कुनै जीव थिएनन् । त्यसपछि निर्जीव बस्तुबाट एककोषिय जीव बने । दुई अर्ब वर्षसम्म मात्रै एककोषिय जीव रहे । करीब साठी करोड वर्ष अघि बहुकोषिय जीव आए । पचास करोड वर्ष अघि सरिसृप अनि बीस करोड वर्ष अघि स्तनधारीह जीव आए । करिब साठी लाख वर्ष अघि पशु जगत्बाट मान्छे अलग हुने प्रक्रिया सुरु भयो ।

स पृथ्वीमा अहिलेको मान्छे होमो सेपियन्स जस्तै होमो नियण्डरथल, होमो डेनिसोभन, होमो इरेक्टस लगायत अन्य प्रजातिका मान्छे पनि थिए, जो विभिन्न कालखण्डमा लोप भए । पुरातत्व वैज्ञानिकहरुले रेडियो कार्बन डेटिङमार्फत् भन्न सक्छन् कि लुप्त प्रजातिका भेटिएका हड्डीहरु कति पुराना हुन् ? लगभग तेत्तिस लाख वर्ष अघिदेखि मान्छे ढुंगे युगमा प्रवेश गरेको मानिन्छ ।

मान्छे कसरी मान्छे बन्यो ? यसको जवाफ हामीले सही ढंगले दिन सक्यौं भने मात्रै मान्छेसँग हामीले सही व्यवहार गर्नेछौं । चार खुट्टाले हिँड्नुको सट्टा दुई खुट्टाले हिँड्न सुरु गर्यो । जसले मस्तिष्कको विकासमा सहयोग पुर्यायो । औजारको प्रयोग मान्छेको कमालको विशेषता हो । कार्ल मार्क्सले त मान्छेलाई औजार बनाउने पशु भनेका छन् । भाषाको विकास जसले विशाल मात्रामा सहकार्यलाई संभव बनायो र अन्तमा सामूहिकता, जसले यसलाई शक्तिशाली बनायो । अब मान्छे यो पृथ्वी बने यताका पचास अर्ब प्रजातिका प्राणीमध्ये सबैभन्दा शक्तिशाली र सबैभन्दा बौद्धिक प्राणी हुन गयो ।

अब मान्छेलाई आफ्नो बारेमा मात्रै थाहा छैन कि यो पृथ्वीको बनौट, तौल आयुदेखि ब्रह्माण्डको उत्पति, बनौट, आयुको बारेमा भन्न सक्ने भएको छ । अब हामी सजिलै भन्न सक्छौं कि विस्तारमान् ब्रह्माण्डको अहिलेको परिधि बयानब्बे अर्ब प्रकाश वर्ष छ । प्रकाशले एक वर्षमा पार गरेको दूरीलाई एक प्रकाश वर्ष भनिन्छ । अन्तरिक्षमा दूरीलाई प्रकाश वर्षमा नापिन्छ । पृथ्वीको एक वर्षमा तीन करोड पन्ध्र लाख छत्तिस हजार सेकेण्ड हुन्छ । प्रकाशले एक सेकेण्डमा तीन लाख किलोमिटर दूरी पार गर्दछ अर्थात् पृथ्वीको साढे सात फन्को । एक वर्षमा प्रकाशले चौरानब्बे खर्ब साठी अर्ब असी करोड किलोमिटर दूरी पार गर्दछ । अब अनुमान गरौं कि बयानब्बे अर्ब वर्षमा कति दूरी पार गर्दछ होला ? आजको दिनमा यो ब्रह्माण्ड त्यति नै ठूलो छ । यो पत्ता लगाउने चेतनशील मान्छेको दिमागी कमाल हो ।

### ४. मानव मस्तिष्क

मानव जातिले दुई ठूला रहस्यको निरन्तर जवाफ खोजिरहेको छ । ब्रह्माण्ड कसरी बनेको हो र यसले कसरी काम गर्दछ, यसलाई बाहिरी अन्तरिक्ष भनिन्छ । मानव मस्तिष्क कसरी बनेको छ र यसले कसरी काम गर्दछ ? यसलाई भित्री अन्तरिक्ष भनिन्छ । संसारमा अनुसन्धानको क्षेत्रमा खर्च भएको रकमको सबैभन्दा धेरै हिस्सा यिनै दुईवटा शीर्षकले ओगट्दछन् ।

हाम्रो शरीरको मात्रै दुई प्रतिशत भाग ओगट्ने तर शरीरमा खपत हुने उर्जाको बीस प्रतिशत हिस्सा ओगट्ने मस्तिष्कबारे हामीले सही ढंगले जान्न जरुरी छ । हाम्रो मस्तिष्क कसरी बनेको छ र यसले कसरी काम गर्दछ ? हाम्रो मस्तिष्कमा एक खर्ब न्युरोन र तीस खर्ब स्न्याप्स हुन्छन् । मस्तिष्कको हरेक न्युरोनले कसरी काम गर्दछ भन्ने जान्नु जरुरी छ । मस्तिष्कको कुन भागले कुन भागलाई नियन्त्रण गर्दछ भन्ने जान्ने हो भने आधारभूत रुपमा हामी सही समझदारीमा पुग्ने छौं ।

रेप्टालियन दिमाग जसलाई पुरानो दिमाग पनि भनिन्छ, तीस प्रतिशत भाग ओगट्दछ भने म्यामेलियन दिमाग अथवा न्युओकोर्टेक्स वा नयाँ दिमाग जसले सत्तरी प्रतिशत भाग ओगट्दछ । यही नयाँ दिमाग हो हाम्रो विचार, दर्शन, ज्ञान विज्ञानको कुरा गर्ने बौद्धिक क्षेत्र । हामी कसरी सोच्दछौं भन्ने जान्न न्युओकोर्टेक्सले कसरी काम गर्दछ भन्ने जान्नु पर्दछ । यसले हजारौं वर्षदेखिको अस्तित्व र चिन्तनसम्बन्धि बहसको अन्त्य गर्नेछ । हामीले अरुका बारेमा जान्नु अघि आफ्नै दिमागले कसरी काम गर्दछ भन्ने जान्नु पर्दछ ।

### ४. क्वान्टम भौतिकी

बीसौं शताब्दीको सबैभन्दा ठूलो बौद्धिक क्रान्ति भनेर चिनिएको क्वान्टम भौतिकीबारे वैज्ञानिक जगतबाहेक खासै चर्चा हुने गरेको छैन । सापेक्षताको सिद्धान्त जसले कति ठूलो भन्ने स्थुल जगतको अध्ययन गर्दछ । बयानब्बे अर्ब प्रकाश वर्ष टाढाको ब्रह्माण्डसम्मको अध्ययन गर्दछ । क्वान्टम भौतिकीले नानो प्रविधिको आधारमा कति सानो भन्ने सूक्ष्म जगत्को अध्ययन गर्दछ । उपसर्ग नानोले अर्बौं भागमध्ये एक भागको प्रतिनिधित्व गर्दछ । जस्तै नानोमिटर भनेको एक मिटरको एक अर्ब भागको एक भाग हो । नानोसेकेण्ड भनेको एक सेकेण्डको एक अर्ब भागको एक भाग हो । अब हामी अनुमान गर्न सक्छौं कि हाम्रो डीएनए साढे दुई नानो मिटर मात्रै छ । तुलना गरौं कि हाम्रो डीएनए भन्दा हामी त्यति ठूला छौं, जति हामी भन्दा सूर्य ठूलो छ । हाम्रो पृथ्वीभन्दा एकसय आठ गुणा ठूलो । हाम्रो कपाल पचास हजारदेखि एक लाख नानोमिटर हुन्छ रे । हाम्रो हातको नङ प्रतिसेकेण्ड एक नानोमिटर बढ्छ रे ।

नानो ट्युब, नानो पार्टीकल, नानो संरचना, नानो औजार, नानो ग्राम आदि जसले हाम्रो सिंगो सोच्ने तरिका र जीवन पद्धतिलाई अकल्पनीय रुपमा बदलिरहेको छ । अहिलेको डिजिटल क्रान्तिको रहस्य भनेकै क्वान्टम क्रान्ति हो । अनुमान गरौं कि अहिलेको सुपर कम्प्युटरभन्दा क्वान्टम कम्प्युटर एक अर्ब गुणा शक्तिशाली हुनेछ । नानो प्रविधिकै कारण कुनै दिन हाम्रो मस्तिष्कलाई इन्टरनेटमा जोड्न सकिनेछ । हामीले एक अर्काको दिमाग पढ्न सक्नेछौं । हिजोको कटुवालेको खबर, हुलाक, आकाशवाणी (आवा) खबर, जमिनी फोन, मोबाइल फोन, इन्टरनेट जडित कपडा र अन्तमा इन्टरनेट जडित मस्तिष्क ।

क्वान्टम भौतिकीले मुख्य गरी तीनवटा क्षेत्रमा क्रान्ति ल्याउँदैछ । एक, नानो प्रविधि, जसको व्याख्या माथि गरिसकिएको छ । दुई, जेनेटिक इञ्जिनियरिङ, जसले साढे चार अर्ब अघिको चार्ल्स डार्विनको सिद्धान्तमा क्रमभंगता ल्याउँदैछ । अब मान्छे प्राकृतिक छनौटद्वारा होइन कि जीन सम्पादनले मान्छेको छनौटद्वारा तय गर्न सकिनेछ । यसले अकल्पनीय परिणाम ल्याउनेछ ।

तेश्रो हो, कृत्रिम बौद्धिकता । मान्छे भन्दा मेसिन बौद्धिक हुने अवस्था । त्यस्तो बौद्धिक मेसिन जसले आफैलाई निरन्तर परिष्कृत र विकसित गरिरहनेछ । जब मान्छे यो ग्रहको सबैभन्दा बौद्धिक प्राणी रहने छैन, तब के होला ? यो आजको वैज्ञानिक जगत्मा हलचल ल्याइदिएको सवाल हो । कृत्रिम बौद्धिकता जान्नु अघि हामी फेरि मानवीय बौद्धिकतामै फर्कनु पर्दछ ।

क्वान्टम भौतिकीले आजको र सधैंको ज्वलन्त सवाल खाद्यान्न, उर्जा तथा हाम्रो आफ्नै भविष्यबारे बताउनेछ । अहिलेसम्म हामी खानाको लागि माटो र सूर्यको प्रकाशमा भर परेका छौं । अब हामी ती दुई बिना पनि खानेकुरा तयार गर्न सकौंला ? अहिलेसम्म हामीले रोगको उपचार गरिरहेका छौं, अब हामी मृत्युको उपचार गर्न सकौंला ? अब हाम्रो विश्व दृष्टिकोणलाई ब्रह्माण्डीय दृष्टिकोण बनाउँदैछौं । वैज्ञानिक अल्बर्ट आइन्स्टाइनको चतुर दिमागको सफलताको कारण के होला भन्नेबारे अर्का वैज्ञानिक स्टेफेन हकिङले भनेका छन् कल्पनाशीलता । हो हामी सबैसँग कल्पनाशीलता हुन आवश्यक छ ।

हामी सबै लगभग आठ अर्ब मान्छेहरु असाधारण छौं । हामी सबैले कठोर निर्णय गर्नुपर्ने भएको छ । हामी जान्नेछौं र हामी बदल्नेछौं । -साभार: रातोपाटी

# नेपालका लागि घातक छ बीआरआई परियोजना



गणेश कुमार मण्डल

श्रीलंकामा एउटा परिवारको सत्तामा हैकम थियो । त्यहाँ परिवार र जातीय शक्तिले लामो समय सत्ताको नेतृत्व गर्‍यो । अहिले श्रीलंकाको अवस्था निकै जटिलका साथ गुज्रिरहेको छ र यो देश आर्थिक मन्दीले ग्रस्त छ । नेपालमा ठ्याक्कै त्यस्तै अवस्था नभए पनि लगभग उस्तै लाग्ने वातावरण भने छ । यहाँ सत्ता त परिवर्तन हुन्छ तर, एउटा सत्तामा भएका बेला गरिएका निर्णय अर्को सरकारको पालामा परिवर्तन हुन्छ । यतिसम्म कि, नेपालमा सरकार परिवर्तन हुँदा पनि विदेश नीति परिवर्तन हुन्छ । परिवार पिच्छे, पार्टीपिच्छे विदेश नीति पनि फेरिन्छ । नेपालको विदेश नीति एउटै खालको देखिँदैन । चीनले आफ्नो विदेश नीति कस्तो हुने भन्ने विश्वसामु स्पष्ट पारिसकेको छ । यस्तै भारत पनि आफ्नो विदेश नीतिका बारेमा स्पष्ट छ । तर, नेपालको विदेश नीति के हो भन्नेमा नेपाल सरकार नै अनभिज्ञ छ ।

परिवारपिच्छे, पार्टीपिच्छे विदेश नीतिमा फरक परेको देश अहिलेसम्म छ भने यो आफैमा आश्चर्यको कुरा हो । अमेरिकाले पनि इन्डोप्यासिफिक रणनीति अन्तर्गत आफ्नो विदेश नीति स्पष्ट पारिसकेको छ । यस्तै जी सेभेनले पनि आफ्नो धारणा स्पष्ट पारिसकेको छ । दुनियाँसामु राख्ने हाम्रो अवधारणा के हो त ? यसबारे परराष्ट्र मन्त्रालय नै अस्पष्ट हुनु ठूलो समस्या हो । नेपालले रुस र युक्रेनबी युद्ध सुरु हुँदा (जुन अहिले पनि जारी छ) युक्रेनको समर्थनमा आफ्नो अभिव्यक्ति दियो । चारवटा कम्युनिस्ट पार्टीको पिलरमा बनेको शेरबहादुर देउवाको युक्रेनको समर्थन गरेको देख्दा म आफैलाई आश्चर्य लागेको थियो । तर, यो नेपालको बहादुरी काम हो । त्यतिबेला मैले बीपी कोइरालालाई स्मरण गरेको थिएँ । जतिखेर इजरायल अस्तित्वमा आएको थियो, त्यतिबेला बीपीले हिम्मत गरेर इजरायलसँग दैत्य सम्बन्ध स्थापना गरेका थिए । यो तत्कालीन सरकारको महत्तवपूर्ण काम थियो । तर, चीनले अगाडि सारेको बीआरआईका सम्बन्धमा पहिलेको सरकार अत्यन्तै खुशी र अहिलेको सरकारले त्यसबारेमा सुन्नै नसक्ने अवस्था सिर्जना भएको देखिएको छ । यसले विदेशी शक्तिलाई के पर्छ भने नेपालमा आफू अनुकूलको सरकार बनाउँदा हामीलाई प्रत्यक्ष फाइदा पुग्छ भन्ने हुन्छ । विदेशी शक्तिले जसलाई अगाडि सार्दा फाइदा देख्छ, उसैलाई सत्तामा ल्याउँछ र आफू अनुकूलको काम गराउँछ ।

सन् २०१३ मा निर्वाचित भएपछि चीनका राष्ट्रपति सी जिङपिङले पदभार ग्रहण गरिसकेपछि पहिलो भ्रमण रेगिस्तानमा गरे । मध्य एसिया र मध्य एसियाको बिग्रेको सडक देखेर त्यसलाई सुधार गरी आफ्नो देशमा उत्पादित वस्तु कसरी दुनियाँभर पुर्‍याउने र पैसा आर्जन गर्ने भन्ने हेतुले आफ्नो महत्त्वाकांक्षा प्रोजेक्ट अगाडि सारेको थियो । त्यसमा पनि चीनले झण्डै एसिया, मध्य एसिया हुँदै युरोप र अफ्रिकासम्म जानका लागि पहिले वानबेल्ट रोडको कन्सेप्ट ल्यायो । पछि त्यसैलाई बीआरआई भनेको हो । बीआरआईको एउटा मात्र उद्देश्य भनेको समुद्र र जमीन जोडेर विश्वभर आफ्नो व्यापार विस्तार गर्नु हो । समुद्रबाट जोड्नका लागि उसले ग्वाजपोर्ट बनायो भने मालेको क्याप्टेनलप मलेसियामा अरु पोर्टहरु बनायो ।

बंगलादेश लगायत संसारका थुप्रै देशमा उसले बन्दरगाह निर्माण गर्‍यो । त्यसपछि विश्वलाई नै शक्तिका रुपमा ल्याउने गरी चीनले बीआरआई अगाडि सारेको हो । चीनले एआईआईबी बैंकलाई विश्व बैंकको विकल्पका रुपमा अगाडि सारेको छ । यो हाम्रा लागि कति लाभदायक हुन्छ भन्ने अर्को पाटो रहन्छ । चीनले आफ्नो सामान विश्व बजारमा बेच्न अहिले बाटोमा लगानी गरेको छ । त्यो बाटो नेपाल हुँदै लैजाने उसको योजना हो । तर, चीनले आफ्नो आवश्यकता अनुसारको बाटो हाम्रो देशबाट लैजाने तर ऋण नेपाललाई बोकाउन खोजेको देखिएको छ । यसले नेपाललाई भन्दा चीनलाई नै बढी फाइदा हुन्छ । -साभार: खबरहब

# मुख्य प्रशिक्षक अल्मुताइरीको विषयमा छिट्टै निर्णय हुन्छः एन्फा



अखिल नेपाल फूटबल संघ (एन्फा)ले नेपाली राष्ट्रिय टोली र मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीको विषयमा छिटै निर्णय गर्ने जनाएको छ । बिहीबार एन्फा कम्प्लेक्समा आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रवक्ता सुरेश शाहले मुख्य प्रशिक्षक अल्मुताइरीको विषयमा देखिएका समस्या समाधानका लागि प्रयास भइरहेको बताए ।

यो समस्या समाधानका लागि एन्फाले महासचिव किरण राईलाई जिम्मेवारी सुम्पिएको उनले बताए । 'अल्मुताइरीको विषयमा देखिएका समस्या समाधानका लागि प्रक्रिया थालेका छौं,' प्रवक्ता शाहले भने, 'छानबिन समितिको प्रतिवेदनका आधारमा कार्यसमितिले आवश्यक प्रक्रिया अघि बढाउनेछ ।'

साउन अन्तिम साता छानबिन समितिले प्रतिवेदन बुझाएको थियो । त्यसका आधारमा एन्फाले जवाफ माग्दै प्रशिक्षक अल्मुताइरीलाई पत्र पठाएको थियो । अल्मुताइरीले भर्खरै त्यसको जवाफ पठाएको प्रवक्ता शाहले बताए ।


त्यस्तै, बाङ्लादेश विरुद्धको मैत्रीपूर्ण खेलका लागि नेपाली राष्ट्रिय टीमको प्रशिक्षकको जिम्मेवारी पाएका प्रदीप हुमागाईंले आफ्नो लागि यो एक अवसर भएको बताएका छन् । पत्रकार सम्मेलनमा बोल्दै प्रशिक्षक हुमागाईंले एन्फाले आफूप्रति गरेको विश्वासमा खुशी लागेको बताए ।

बाङ्लादेश विरुद्ध खेल मैत्रीपूर्ण भए पनि जित्नकै लागि खेल्ने उनको भनाइ थियो । आफूले अकस्मात् राष्ट्रिय टोलीको जिम्मेवारी पाए तापनि दबाब महसूस नगरेको उनले बताए । यसका लागि आफू पहिले नै तयार रहेको उनको भनाइ छ ।

नेपालले आगामी असोज ११ गते घरेलु मैदान दशरथ रंगशालामा बाङ्लादेश विरुद्ध मैत्रीपूर्ण खेल खेल्ने तालिका छ ।

-साभार: अनलाइनखबर

# केकीले भनिन्- नाम र कागजपत्र दुरुपयोग गर्नेलाई कडा कारबाही होस्



काठमाडौं/ अभिनेत्री केकी अधिकारीले आफ्नो नाम र कागजपत्रको दुरुपयोग गर्नेप्रति कानुनी कारवाही अगाडि बढाउने बताएकी छन् । उनले 'तिम्रो नजर' फिल्म निर्माण कार्यमा आफ्नो नाम र कागजपत्रको दुरुपयोग भएकोप्रति आपत्ति जनाएकी छन् ।

'तिम्रो नजर' शीर्षकको फिल्म निर्माण गर्ने कम्पनी भनिएको 'ब्लु बर्ड एचडी' सँग आफूले काम गर्ने कुनै पनि सम्झौता नगरेको समेत उनले स्पष्ट परेकी छन् । बुधबार केही सञ्चारमाध्यममा नर्वेमा फिल्म 'तिम्रो नजर' छायांकनका लागि अभिनेत्री केकी अधिकारी र अभिनेता आर्यन सिग्देलले दिएको भिसा आवेदनमा नक्कली कागजपत्र पेश गरेको भन्ने बिषयमा समाचार प्रकाशन भएपनि केकीले सामाजिक सञ्जालमार्फत सबैको ध्यानाकर्षण समेत गराएकी छन् ।

'विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार अनुसार 'ब्लु बर्ड एच डी' नामक चलचित्र निर्माण कम्पनीले 'तिम्रो नजर' नाम गरिएको चलचित्र निर्माण गर्ने बहानामा कलाकारको रूपमा मेरो संलग्नता देखाई सरकारी कागजपत्र समेतको दुरुपयोग गरेको भन्ने समाचारप्रति सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउन चाहन्छु', केकीले अगाडि लेखेकी छन् 'मैले त्यस्तो नाम गरेको कुनै चलचित्र निर्माण कम्पनीसँग कुनैपनि नामको चलचित्रमा सम्झौता गरेकी छैन । र यस किसिमको अवाञ्छित गतिविधिबारे कुनै पूर्व जानकारी पनि थिएन ।'

उनले आफ्नो व्यक्तिगत विवरण समेटिएको सरकारी कागज पत्र, हस्ताक्षर र नामको दुरुपयोग गरि गैरकानूनी कृयाकलाप गरिएको रहेछ भने दोषी उपर कडा कारवाही गर्न सम्बन्धित निकायलाई निवेदन समेत गरेकी छन् ।

फिल्म छायांकनका लागि १४ जना कलाकार सहितको भिसा आवेदन परेपछि नर्वेजियन दूतावासले पर्यटन बोर्डसँग सम्पर्क गरेको थियो । तर, बोर्डले कुनै पनि नेपाली फिल्मको सुटिङको लागि नर्वेसँग अनुमति नमागेको जानकारी गराएपछि नक्कली कागजपत्र पेस भएको खुलेको हो । नक्कली लेटरप्याडमा पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकारी धनञ्जय रेग्मीको हस्ताक्षर प्रयोग भएको बताइन्छ ।

# विपन्न बिरामीलाई सहज बन्दै नारायणी अस्पताल



वीरगञ्ज, ८ भदौ (रासस)/ पर्साको वीरगञ्जस्थित नारायणी अस्पताल गरिब र विपन्न समुदायको बिरामीको उपचारका लागि सहज बन्दै गएको छ । संघीय सरकारको स्वामित्वमा रहेको अस्पतालले गुणस्तरीय सेवा प्रदान गर्दै आएपछि उपचारका लागि यहाँ बिरामी बढ्दै गएका छन् ।

अस्पतालले सिटीस्क्यान, डायलासिस र वृद्धवृद्धालाई उपचार खर्चमा सहुलियतलगायतका सेवा प्रारम्भ गरेपछि बिरामीको अस्पतालमा चाप बढ्दै गएको सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिए । अस्पतालमा पर्सा, बारा, रौतहट, सर्लाही, मकवानपुर जिल्ला र भारतको विहार क्षेत्रका बिरामी उपचारका लागि आउँछन् ।

अस्पतालमा दैनिक औसतमा एक हजार बिरामीले विविध रोगको उपचार सेवा लिन आउने गरेको अस्पताल प्रशासनले जनाएको छ । नियमित उपचारमा आउने बिरामीमध्ये करिब १० देखि १५ प्रतिशतसम्म भारतीय बिरामी रहेको जनाइएको छ ।

अस्पतालको तर्फबाट दुई सय र विकास समितिको तर्फबाट एक सय शय्यामा नियमित उपचार सेवा दिँदै आएको छ । अस्पताललाई विसं २०७५ असार २५ गते संघीय सरकारले मधेस प्रदेशमा विशिष्ट सेवा प्रदान गर्ने उद्देश्यले पाँच सय शय्याको रुपमा स्तरोन्नति गरिसकेको छ ।

उपचार सेवा थप प्रभावकारी बनाउँदै लगेपछि विशेष गरी गरिब र विपन्न समुदायका बिरामी बढेका अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. वीरेन्द्रबहादुर प्रधानले जानकारी दिए । मेडिकल, सर्जरी, दन्त, आँखा उपचार, छाला रोग, डायलासिस, नाक कान तथा घाँटी, मानसिक, प्रसूति, हाडजोर्नी, बाल रोग, शिशु स्याहार, मुटु रोगसम्बन्धी उपाचार विभाग, सघन र अक्सिजनसहितको उपचार कक्षमार्फत बिरामीलाई अस्पतालले सेवा दिँदै आएको छ ।

अहिले अस्पतालले दिने सेवालाई थप प्रभावकारी बनाउन प्रशासनले सबैजसो सेवालाई उपचारको प्राथमिकताका आधारमा काम गरिरहेको जनाएको छ । करिब तीन बिघा क्षेत्रफलमा फैलिएको अस्पताल परिसर क्षेत्रमा चार वटा आवास, एक प्रसूति, प्रयोगशाला, भण्डारण, बहिरङ्ग, आकस्मिक सेवा विभाग र एउटा पुरानो आँखा उपचार गरी कूल १३ भवन छन् ।

अस्पताललाई केन्द्रीय रिफरल अस्पताल र सरकारी मेडिकल कलेजमा स्तरोन्नति गर्न माग गर्दै यस क्षेत्रका सरोकारवालाले पटकपटक संघीय सरकारसँग माग गर्दै आएका छन् ।

अस्पतालले सामाजिक सेवा एकाइमार्फत लक्षित १२ समूहका नागरिकको नि:शुल्क उपचार गर्दै आएको छ । गरिब, असहाय, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसा र पीडित बालबालिका, लोपोन्मुख आदिवासी जनजाति, कुपोषित बालबालिका तथा शहीद परिवारलाई सबैखाले उपचार सुविधा उपलब्ध गराउँदै आएको अस्पतालका सूचना अधिकारी डा. सिंहले जानकारी दिए ।

नि:शुल्क उपचारले धेरै नगरिकलाई समयमै उचित उपचार सेवा दिन सहयोग पुगिरहेको डा. सिंहको भनाइ छ ।

अस्पतालमा सरकारी एक सय ६२ र विकास समितिका एक सय २० स्वास्थ्यकर्मी कार्यरत छन् । अस्पताल विसं २०५१ मा तत्कालीन महेन्द्र आरोग्य र ऐश्वर्य भवन एकीकरण भई हालको नारायणी अस्पताल नामकरण भएको थियो ।

# निर्वाचनका लागि पर्यवेक्षण संस्था आह्वान

काठमाडौं, ८ भदौ (रासस)/ निर्वाचन आयोगले आउँदो प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय संस्थालाई आवेदन दिन आह्वान गरेको छ ।

आयोगले यसअघि पर्यवेक्षणका लागि अन्तर्राष्ट्रिय संस्थालाई आग्रह गरिसकेको छ । आयोगले बुधबार जारी गरेको सूचनामा १५ दिनभित्र कामगजातसहित सूचना प्रणालीबाट आवेदन दिन आह्वान गरेको हो । यसअघिको निर्वाचनमा पर्यवेक्षणमा सहभागी संस्थाले सोको प्रतिवेदन नबुझाए पर्यवेक्षणमा भाग लिन नपाइने आयोगले जनाएको छ । आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि नयाँ र पुराना गरी ८४ दलले दर्ताकालागि निवेदन दिएका छन् ।

# बाख्रापालनबाट मनग्य आम्दानी



सुन्दरहरैंचा, ८ भदौ (रासस)/ मोरङको सुन्दरहरैंचा-१ कुमारगाउँका विशाल बुढाथोकीले बाख्रापालन गरेर मनग्य आम्दानी गर्दै आएको छ । धनकुटाबाट बसाइ सरेर सुन्दरहरैंचा आएका बुढाथोकी तनमन लगाएर बाख्रापालनमा लागेको छ । पाँच वर्षदेखि बुढाथोकीले कृषि फार्म सञ्चालन गरेर यसमै लागेका छन् ।

"बाख्रापालनबाट वार्षिक १५ लाख आम्दानी गर्न सफल भए", उनले भने । उनको फार्ममा उन्नतजातका बयर, जमुनावारि र लोकल जातका गरेर ७० खसीबाख्रा छन् । सुरूआतमा बुढाथोकीले चार बाख्रा र स-साना पाठापाठीबाट व्यावसाय थालेको हो । हाल उनका फार्ममा बग्रेल्ती खसीबाख्रा देख्न सकिन्छ । बुढाथोकी परिवारखसीबाख्रा र पाठापाठी खरिद बिक्रीबाट मनग्य आम्दानी आर्जन गर्दै आएको छ ।

बुढाथोकी जिल्लामै अगुवा र मेहेनती कृषकका रूपमा परिचित छन् । उनलाई व्यवसायमा अघि बढ्न बुवा खगेन्द्रको पनि भरपर्दो साथ सहयोग रहेको छ । "गाई, भैंसी र कुखुरासमेत पालेको छु", उनले भने । स्वदेशमै बसेर कृषि फार्म सञ्चालन गरेका बुढाथोकीले केहीलाई रोजगारीसमेत प्रदान गरेका छन् । बाह्र कक्षासम्म अध्ययन गरेको उनले फार्मविस्तारको योजना बनाएको छ । चार बिघा जमिनमा खेतीपाती गर्दै बुढाथोकीले खसीबाखा र गाईभैंसीका लागि घाँस परालको जोहोसमेत गरेको छ । कृषि पेशाका लागि कहींकतैबाट अहिलेसम्म सहयोग पाउन नकसेको उनी बताउछन् ।

"सरकारले अनुदान उपलब्ध गराएर युवा जनशक्तिलाई कृषि पेशामा लाग्न हौसला दिनुपर्छ", बुढाथोकी भन्छन् । बाख्रापालनकै आम्दानीले घरपरिवारको खर्च टारेर छोराछोरीलाई समेत शिक्षादिक्षा दिन सफल भएको उनको भनाइ छ । उनको कर्मले गाउँमा अरूलाई पनि हौसला मिलेको छ ।

सुन्दरहरैंचा नगरपालिकाको उत्तरतर्फ चारकोशे झाडी छ । त्यहाँ बाख्रापालन गर्न कृषकलाई सहज छ । सुन्दरहरैंचा नगर क्षेत्रमा हाल ९८ बाख्रापालनको फार्म दर्ता छन् ।

नगर पशु चिकित्सक जीवन चापागाईं बाख्रापालकलाई मुख्यरूपले छेरूवा, नाम्ले, जुका, घाउ हुने, ज्वरो आउने, पेट ढाडिनेलगायत समस्याले दु:ख दिने गरेको बताउछन् । "यसतर्फ कृषक सचेत रहन जरूरी छ", उनले भने । कृषिफार्म दर्ता गरेर अघि बढ्न चाहने कृषकका लागि विविध कार्यक्रम अघि बढाउने योजना रहेको नगरप्रमुख केदारप्रसाद गुरागाईं बताउछन् ।

# ठगी गर्ने १९ हजार कारबाहीमा

काठमाडौं, ८ भदौ (रासस)/ नेपाल नापतौल तथा गुणस्तर विभागले पछिल्लो समय नापतौल यन्त्र प्रयोग गरी ठगी गर्ने व्यापारीको निगरानी बढाएको छ ।

विभागले आर्थिक वर्ष २०७८/७९ मा अनियमित रुपमा नाप्ने तौलने यन्त्र प्रयोग गरी देशभरका विभिन्न स्थानका उपभोक्तालाई ठगी गर्ने १९ हजार १४ व्यापारीलाई कारबाही गरेको छ । विभागका अनुसार काठमाडौँबाट आठ हजार आठ सय ५१, पोखराबाट एक हजार छ सय ७९, बुटवलबाट एक हजार ६४, नेपालगञ्जबाट एक हजार ५०, सुर्खेतबाट चार सय नौ, धनगढीबाट एक हजार ६७, सिलगढीबाट एक सय ७४, वीरगञ्जबाट एक हजार दुई सय ५१, जनकपुरबाट एक हजार एक सय ३९, विराटनगरबाट एक हजार चार सय ८५ र झापाबाट आठ सय ४५ व्यापारीलाई कारबाही गरिएको हो । विभागका प्रवक्ता ज्योति जोशी भट्टले नाप्ने र तौलने यन्त्रको प्रयोग गरी उपभोक्तालाई ठगी गरेकाले विभागले उनीहरूलाई कारबाही गरेको जानकारी दिए ।

उनले पछिल्लो समय नापतौल यन्त्रमार्फत उपभोक्ता ठगी गर्ने क्रम बढेकाले उनीहरूमाथि विभागले विशेष निगरानी बढाएको बताऐ । अनुगमनका क्रममा कतिपय व्यापारीले यन्त्रको दर्ता नगराएको र दर्ता गरेका व्यापारीले पनि नवीकरण नगरेको भेटिएको विभागले जनाएको छ । त्यस्ता व्यापारीमाथि कारबाही गर्दै आइएको प्रवक्ता भट्टले बताए । गत आर्थिक वर्षमा २३ हजार ४९ व्यापारीले नापतौल यन्त्र जाँच गराएका छन् । उक्त जाँच गराउने व्यापारीमध्ये काठमाडौँमा धेरै छन् । काठमाडौँमा पाँच हजार छ सय ४१ व्यापारीले यन्त्र जाँच गराएका हुन् ।

यस्तै, पोखराबाट तीन हजार छ सय ७३, बुटवलबाट एक हजार चार सय ५७, नेपालगञ्जबाट एक हजार एक सय ३७, सुर्खेतबाट सात सय ४८, धनगढीबाट एक हजार सात सय ९३, सिलगढीबाट एक सय ८९, वीरगञ्जबाट दुई हजार दुई सय ६३, जनकपुरबाट एक हजार पाँच सय ७८, विराटनगरबाट तीन हजार तीन सय १९ र झापाबाट एक हजार ५१ व्यापारीले सो यन्त्र जाँच गराएका हुन् ।

सोही आवमा सो यन्त्र प्रयोग गर्न अनुमतिपत्र प्रदान तथा इजाजतपत्र नवीकरण गर्ने व्यापारीको संख्या ११ हजार तीन सय ६३ रहेको छ । यसैगरी, देशभर नौ हजार ६ सय ५८ ट्याक्सीको मिटर जाँच गर्नुका साथै चार हजार नौ सय ६८ पटक पेट्रोलियम पदार्थ वितरण पम्प जाँच गरेको विभागले जनाएको छ । नापतौलसम्बन्धी उपभोक्ता हकहित संरक्षणका लागि विभागले ९२ पटक एकल अनुगमन तथा ९१ पटक संयुक्त अनुगमन गरेको छ ।

यस्तै, विभागले उपभोक्ता ठगी गर्ने ३३ कम्पनी तथा ट्याक्सी चालकविरुद्ध अदालतमा मुद्दा दर्ता गरेको छ । विभागले जानीजानी आम सेवाग्राही तथा उपभोक्तालाई ठगी गर्ने क्रम बढेकाले कारबाहीस्वरुप उक्त कम्पनी तथा ट्याक्सीविरुद्ध मुद्दा दायर गरेको बताएको छ ।

विभागका महानिर्देशक दिनानाथ मिश्रले सीमित स्रोतसाधनकाबीच विभागले बजार अनुगमनलाई प्राथमिकता दिएको बताए । "कम जनशक्ति र स्रोतसाधनका कारण सबै स्थानमा पुग्न सकेका छैनौं, विभागले आगामी दिनमा बजार अनुगमनलाई प्राथमिकता राख्छ", उनले भने ।

आम उपभोक्ता ठगी गर्ने जोकोहीलाई विभागले कारबाहीको दायरामा ल्याउने उनको भनाइ छ । विभागले गत आर्थिक वर्षमा विभिन्न शीर्षकअन्तर्गत सात करोड १६ लाख ११ हजार आठ सय ५७ राजश्वसमेत संकलन गरेको छ ।

# तीजको दर खाएका एकसयभन्दा बढी बिरामी



गोरखा, ८ भदौ (रासस)/ गोरखामा तिजको दर खाएका एउटै गाउँका एक सयभन्दा बढी व्यक्ति बिरामी परेका छन् । गोरखा नगरपालिका-७ मान्द्रेढुङ्गाका महिला तथा पुरुष तीजको भोज खाएपछि बिरामी परेका हुन् ।

वडाध्यक्ष विष्णु श्रेष्ठका अनुसार भोज खाएका अधिकांश बिरामी परेका छन् । "कृष्ण जन्माष्टमीका दिन स्थानीय महिला तथा पुरुष मिलेर तीजको दर खाएका थिए । सोही साँझदेखि नै भोज खाएका सबै बिरामी परेका हुन्", उनले भने, "बिरामी परेको थाहा पाएपछि स्वास्थ्यकर्मी लगेर उपचार सुरु गरिएको छ ।"

स्वास्थ्यकर्मीको टोलीले ४० जनाभन्दा बढीको स्वास्थ्य जाँच गराएको श्रेष्ठले बताए । बिरामीको घरघरमा स्वास्थ्यकर्मीको टोली पठाएर आवश्यक औषधोपचार गरिएको उनले बताए । बिरामी परेकाहरू अहिले विस्तारै निको हुँदै गएका छन् । केहीलाई अझै घरमै स्लाइन पानी दिएर राखिएको अहेव भूमिका श्रेष्ठले जानकारी दिए । बिरामीमा शनिबार साँझदेखि नै पेट दुख्ने, वान्ता हुने, जरो आउने र पखाला लाग्ने समस्या देखिएको उनले बताए ।

बिरामीमध्ये अधिकांशको गोरखा सदरमुकामका निजी क्लिनिकमा उपचार भइरहेको छ । "केही आफैँ गोरखा अस्पताल पुगेर उपचार गराइरहेका छन्", उनले भने ।

# गिद्ध लोप हुँदै

दार्चुला, ८ भदौ (रासस)/ पछिल्लो समय दार्चुलामा पनि गिद्ध लोप हुँदै गएका छन् । जलवायु परिवर्तन, बासस्थानकोसमस्या, औषधिको प्रयोग र आहाराको अभावमा पछिल्लो समय गिद्ध लोप हुँदै गएका हुन् । प्रकृतिको कुचिकारका रुपमा रहेका लोपोन्मुख पक्षी गिद्ध संरक्षण नहुँदा लोप हुने क्रम बढ्दै गएको हो ।

विशेष गरी गिद्धको बासस्थान सिमलको रुख भएकाले पछिल्लो समय बढ्दो वन विनासका कारण सिमलका रुख हराउँदै गएपछि गिद्धको बासस्थान पनि हराउँदै गएको जिल्ला डिभिजन वन कार्यालयका प्रमुख प्रमानन्द कुँवरले बताए ।

ठूलठूला भीरमा समेत गिद्ध पाइने भए पनि पछिल्लो समयमा गिद्ध देखिन छोडेको शैल्यशिखर नगरपालिकाका वीरसिंह धामी बताउछन् । उनले भने, "गिद्ध संरक्षणका लागि सरकारी तथा स्थानीयस्तरबाट कुनै पहल हुनसकेको छैन, गिद्ध संरक्षणका लागि पहल नहुँदा लोप हुँदै गएका छन् ।"

गिद्धको आहारामा समेत समस्या आएकाले गिद्ध लोप हुँदै गएको जानकार बताउँछन् । मरेका पशुपक्षीको सिनोलाई आहाराका रुपमा गिद्धले प्रयोग गर्ने गर्दछन् । पछिल्लो समयमा बाहिर सिनो फाल्ने चलन पनि कम हुँदै गएका कारण पनि गिद्ध लोप हुन लागेका हुन् ।

आहारको अभावमा गिद्ध लोपहुँदै गएको पनेबाज सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दामोदरसिंह धामीको भनाइ छ । पशुमा प्रयोग गरिने डाइक्लोफेनिक औषधिले पनि गिद्ध लोप हुन थालेको जानकार बताउँछन् । पशुलाई दिइने यो औषधिको प्रयोगले गिद्धको विनाशमा ठूलो भूमिका खेलेको पशु प्राविधिक गोपालसिंह धामी बताउछन् । डाइक्लोफेनक औषधि प्रयोग भएको पशुको सिनो खाएमा गिद्ध मर्ने गरेको उनले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सरकारले प्याज र लसुनमा प्रतिकिलो एक रुपैंया अनुदान दिन्छ : मुख्यमन्त्री




साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले प्रदेश सरकारले किसानलाई प्याज र लसुनमा प्रतिकिलो एक रुपैंया अनुदान दिने बताएका छन् ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन कार्यान्वयन सम्बन्धमा बागमती प्रदेशका नीति निर्मातासंग अन्तरसंवाद कार्यक्रममा बोल्दै मुख्यमन्त्री पाण्डेले यस्तो बताएका हुन् ।

उनले प्रदेश सरकारले किसानलाई प्याज र लसुनमा प्रतिकिलो एक रुपैंया अनुदान दिने र आवश्यक परे बढाउँदै जाने उनले बताए । पाण्डेले कृषि र पशुपन्छी क्षेत्रको विकासका लागि अध्यादेशबाट भएपनि कृषि सम्बन्धी कानून चाँडै ल्याउने बताए । प्रदेश विज्ञान प्रविधी विश्वविद्यालय स्थापना गर्न बजेट विनियोजन गरिसकेको भन्दै मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले १० हजार युवालाई क्लोज क्याम्पमा राखेर दक्ष जनशक्ति उत्पादन गर्ने समेत बताए ।

अघिल्लो एमाले सरकारको पालामा कृषि क्षेत्रमा चरम भ्रष्ट्राचार भएको भन्दै उनले तिव्र असन्तुष्टी जनाए । 'अघिल्लो सरकारको पालामा ३० लाख रुपैंया बजेट विनियोजन गर्दा रहेछन्,' उनले भने, '१० लाख मन्त्रीको टेवलमा, १० लाख व्यवस्थापन (विचौलिया)लाई र मात्र १० लाख किसानलाई दिने गरिएको रहेछ ।' उनले कृषि औजार कारखाना हेटौंडामा खोल्ने तयारी भईरहेको समेत बताए ।

आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्ण प्रसाद शर्मा खनालले कृषि तथा पशुपन्क्षी क्षेत्रको विकासका लागि व्यवहारिक कानून तर्जुमा गर्न आफुहरुले महत्वपूर्ण भूमिका खेल्ने बताए । फियान नेपालको आयोजना तथा बागमती प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयसँगको समन्वयमा कार्यक्रम भएको हो । फियान नेपालका अध्यक्ष गोकर्ण रुपाखेतीले कार्यक्रमको उदेश्यसहित स्वागत गरेको कार्यक्रममा फियानको श्रव्यदृष्य (डकुमेन्ट्री)पनि प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा प्रदेशका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐनको मस्यौदा मुख्यमन्त्री पाण्डे र कृषि तथा पशुपन्क्षी विकास मन्त्री हुमागाईलाई फियान नेपालले हस्तान्तरण गरेको थियो ।

कार्यक्रममा फियान नेपालका कार्यकारी निर्देशक अशोक बहादुर सिंहले खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य संप्रभुता सम्बन्धी अवधारणागत जानकारी, अधिवक्ता तिलक अधिकारीले खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन २०७५ र कार्यान्वयनमा प्रदेश सरकारको भूमिका र कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयका वरिष्ठ कृषि प्रसार अधिकृत झलकनाथ कडेलले बागमती प्रदेशमा खाद्य सुरक्षाको अवस्था, प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम र कार्यदिशाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

कृषि तथा पशुपन्क्षी विकास मन्त्री बसुन्धरा हुमागाईको अध्यक्षतामा भएको कार्यक्रममा फियान नेपालकी प्रदेश संयोजक लक्ष्मी गुरुङले सहजिकरण गरेकी थिईन् ।

कार्यक्रममा बागमती प्रदेशका सांसदहरु नेकपा माओवादी केन्द्रका प्रेमबहादुर पुलामी, नेकपा एकीकृत समाजवादीकी मनु सिग्देल, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलान, बागमती प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रल्हाद लामिछाने, राष्ट्रिय कृषक समूह महासंघ मकवानपुरका अध्यक्ष महानन्द सापकोटा, जिल्ला खाद्य अधिकार संजाल मकवानपुरकी सदस्य उर्मिला पुलामी मगरले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमका बक्ताहरुले कृषि र पशुपन्छीको क्षेत्रमा बजेट बढाउँनुपर्ने, प्रदेश सरकारले सबै जिल्लामा कृषि विकास कार्यालय स्थापना र संचालन गर्नुपर्नेमा जोड दिएका थिए ।

## प्रहरी सहायक हवल्दार रायमाझी प्रदेशकै उत्कृष्ट प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ बागमती प्रदेश विपद व्यवस्थापन केन्द्रमा कार्यरत प्रहरी सहायक हवल्दार सुमन रायमाझी बागमती प्रदेशकै उत्कृष्ट प्रहरी घोषित भएका छन् ।

प्रहरी सहायक हवल्दार रायमाझी साउन महिनाको प्रदेशकै उत्कृष्ट प्रहरी घोषित भएका हुन् । उनलाई बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले उनको कार्य मूल्यांकन गर्दै उत्कृष्ट प्रहरी घोषित गरेको छ ।

बागमती प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्यले हस्ताक्षर गरि रायमाझीलाई उत्कृष्ट प्रहरीको सम्मानपत्र प्रदान गरिएको छ ।

रायमाझीले सांगठनिक नीति निर्देशन बमोजिम आफुलाई दिइएको जिम्मेवारी तथा पदीय दायित्वलाई ईमान्दारी, बफादारी तथा व्यावसायिक सुझबुझका साथ कर्तव्यनिष्ठ भई कार्य गरेको प्रदेश प्रहरीक कार्यालयका प्रवक्ता दीपक रेग्मीले जानकारी दिए ।

रायमाझीलाई आत्महत्या गर्ने प्रयासले चितवनको नारायणी पुलबाट नदीमा हामफालेको व्यक्तिलाई जिवितै उद्दार गर्न सफल भएकोले उत्कृष्ट प्रहरी घोषित गरिएको विवरणमा उल्लेख छ ।

बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमा घटेका विभिन्न प्रकारका विपदका घटनाहरुमा सक्रियताका साथ परिचालित भई उद्दार कार्यहरुमा उत्कृष्ट कार्यसम्पादन गरेको हुँदा रायमाझीबाट सम्पादित कार्यको उच्च मूल्यांकन गर्दै महिनाको उत्कृष्ट प्रहरी घोषणा गरिएको जनाइएको छ ।

# समाजवादीद्वारा क्षेत्र १ को उम्मेदवार सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ नेकपा एकीकृत समाजवादीले प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको उम्मेदवार सिफारिस गरेको छ ।

नेकपा एकीकृत समाजवादी पार्टीको प्रतिनिधि सभा क्षेत्र १ र प्रदेश 'क' र 'ख'को संयुक्त बैठकले प्रतिनिधि सभा र प्रदेश सभाको उमेदवारको सिफारिस गरेको हो । जसमा संघीय क्षेत्र नम्बर १ बाट बिशभ अधिकारी, यादव शर्मा र घन प्रसाद गौतमको नाम सिफारिस भएको छ ।

त्यसैगरी प्रदेश १ 'क'मा प्रकास बानियाँ, उमा रेग्मी, ईस्मा राई र नारायण तिमल्सिनाको नाम सिफारिस भएको छ भने प्रदेश १ 'ख'मा मधु अधिकारी, बिष्णु दाहाल, ध्रुव भुजेल र धन मोक्तानको नाम सिफारिस गरिएको प्रतिनिधि सभा क्षेत्र १ का पार्टी अध्यक्ष बिष्णु दाहालले बताए । पार्टी स्थायी कमिटी सदस्य ललित बस्नेत, केन्द्रीय सदस्य मुनु सिग्देल, मधु अधिकारी जिल्ला अध्यक्ष सुर्य चन्द्र न्यौपाने लगायतका नेताहरुको उपस्थिति भएको भेलाले उम्मेदवारको सिफारिस गरेको पार्टी जिल्ला सचिवालय सदस्य कविन पन्तले बताए ।

मकवानपुर जिल्लाको क्षेत्र नम्बर २ को क र ख मा यस अघि नै उम्मेदवार सिफारिस गरेको समाजवादीले क्षेत्र नम्बर १ को लागि अर्को सिफारिस गरेको हो । समाजवादीले प्रतिनिधिसभाको लागि क्षेत्र नम्वर २ मा समाजवादीको स्थायी कमिटी सदस्यसमेत रहेका पूर्वस्वास्थ्यमन्त्री विरोध खतिवडाको नाम सिफारिस गरेको थियो । खतिवडाले यसअघि पनि सोहि क्षेत्रबाट निर्वाचन जितेका थिए ।

# वडाध्यक्ष सिग्देलमाथि हातपातको भएको घटनामा उपमहानगरको ध्यानाकर्षण




साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ हेटौंडा उपमहानगरपालिकाका वडा नम्बर ४ का वडाध्यक्ष नवीन सिग्देलमाथि भएको हातपातको घटनामा हेटौंडा उपमहानगरपालिकाले ध्यानाकर्षण भएको जनाएको छ ।

हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सविन न्यौपानेले एक प्रेस विज्ञप्ति जारी गर्दै वडाध्यक्षमाथी भएको हातपातको घटनामा ध्यानाकर्षण भएको जनाएका हुन् ।

नेकपा एमाले मकवानपुरको जिल्ला सचिवसमेत रहेका वडाध्यक्ष सिग्देलमाथी मंगलबार दिउँसो वडा कार्यालयको कार्यकक्षमा नै एमालेकै जिल्ला सदस्य सानु लामाले हातपात गरेका थिए । सोहि घटनाप्रति उपमहानगरको ध्याकर्षण भएको भन्दै सार्वजानिक निकायमा प्रवेश गरी भएको घटनाको हेटौंडा उपमहानगर, नगर कार्यपालिकाले घोर भर्त्सना एवम् निन्दा गर्दै घटनाको अबिलम्ब सत्यतथ्य छानविन गर्न माग गरेको छ ।

सिग्देलले आफूमाथि कुटपिट भएको भन्दै मंगलबार नै प्रहरीमा उजुरी दिइसकेको मकवानपुरका प्रहरी नायव उपरिक्षक प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिए । आरोपित लामा फरार रहेको र खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# प्रेस चौतारीले गर्‍यो तीज विशेष कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ८ भदौ/ प्रेस चौतारी मकवानपुरले महिलाहरुको महान् पर्व तीज विशेष कार्यक्रम गरेको छ । चौतारी मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्याक्रममा नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो कार्यक्रममा अखिल नेपाल महिला संघका केन्द्रीय सदस्य पार्वती राना, जिल्ला अध्यक्ष सुमित्रा काफ्ले, हेटौंडा-११ की वडा अध्यक्ष जुना दाहाल, नेकपा एमाले मकवानपुरका सचिवालय सदस्य मदन कुमार दाहाल, सचिवालय सदस्य तथा प्रचार विभागका प्रमुख धुर्ब प्रसाद चौलागाई लगायतको आतिथ्यता रहेको थियो ।

# नवौं राष्ट्रिय खेलकुदका लागि जुडो खेलाडी छनोट



काठमाडौं, ८ भदौ (रासस)/ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बागमती प्रदेशको काठमाडौं जिल्लाबाट जुडो खेलाडी छनोट भएका छन् ।

खुसीबुस्थित बहुउद्देश्यीय मार्सल आर्ट केन्द्रमा भएको छनोट प्रतिस्पर्धाबाट पुरुष ६० केजीमुनि आशिष तामाङ, ६६ केजीमुनि पुजन श्रेष्ठ र सम्राट केसी, ७३ केजीमुनि सयम श्रेष्ठ, ८१ केजीमुनि ओजस बस्नेत, ९० केजीमुनि फुर्वा सोनाम शेर्पा, १०० केजीमुनि वशिष्ठ महर्जन र १०० केजीमाथि आदित्य दाहाल छनोट भए ।

महिला ५७ केजीमुनि सञ्जिता गुरुङ र विनु गुरुङ, ६३ केजीमुनि सुनिता ढकाल र शिसम अधिकारी तथा ७८ केजीमुनि दीपा गुरुङ छानिएको नेपाल जुडो सैका महासचिव धर्मकुमार श्रेष्ठले जानकारी दिए ।

यसैगरी टेबलटेनिसतर्फको पुरुषमा चन्दन शाही, जयराम महर्जन, कपुर शर्मा, उमेश मानन्धर र रक्तचन्द्र मानन्धर छनोट भए । महिलामा इना डंगोल, स्वर्णिमा कंसाकार र प्राज्ना महर्जन छानिए । महिलामा बाँकी दुई खेलाडीको छनोटपछि गरिने छनोट संयोजक एवं काठमाडौं जिल्ला टेबलटेनिस संघका अध्यक्ष धर्ममान बज्राचार्यले जानकारी दिए ।

## बीस वर्षमुनिको राष्ट्रिय फुटबल टोलीको घोषणा

काठमाडौं, ८ भदौ (रासस)/ बीस वर्षमुनिका राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक मेघराज केसीले बहराइनमा हुने यू-२० एसियन कप छनोटका लागि बुधबार प्रारम्भिक चरणमा २५ सदस्यीय टोलीको घोषणा गरेको छ । यही भदौ २५ देखि असोज २ गतेसम्म हुने प्रतियोगिताका लागि प्रशिक्षक केसीले २५ सदस्यीय टोलीको घोषणा गरेको छ । छनोटमा नेपालसहित कतार, बहराइन, बंगलादेश र भुटान रहेका छन् । छनोट हुने नेपाली टोलीको गोल-किपरमा ईश्वर गुरुङ, उनेश चौधरी, जियारत शेख र टोपबहादुर राना छन् । त्यस्तै डिफेन्डरमा अमर श्रेष्ठ, अजय चौधरी, सुमित श्रेष्ठ, सृजन धानी, अभिषेक वाइवा, जान ताम्ली, शेखर खवास, श्यान्सु भुसाल र राज ठोकर छन् ।

टोलीको मिडफिल्डरमा दीपेश गुरुङ, आशिष राई, सन्दीप कार्की, जन्मजय धामी, कृतिशरत्न छ्न्जु, सुगम सुवाल, मनाज्ञ नकर्मी, आयुष घलान, राकेश विश्वकर्मा र सञ्जीव लामा छन् । फरवार्डमा निरञ्जन मल्ल र रोहन खड्गी छन् । उक्त नेपाली टोलीले सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) कम्प्लेक्समा प्रशिक्षण गरिरहेका छन् ।


हार्दिक बधाई तथा शुभकामना



ध्रुव अधिकारी (अध्यक्ष) शिवहरि दाहाल (महासचिव)

टोल विकास संस्था नगर समन्वय समिति हेटौंडाको शनिबार भएको तेस्रो साधारणसभा तथा अधिवेशनबाट अध्यक्ष पदमा **ध्रुव अधिकारी** र महासचिव पदमा **शिवहरि दाहाल**लगायत सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**यतिराज दंगाल (अध्यक्ष) एवम्**
**समाज कल्याण टोल विकास संस्था हेटौंडा-४, मकवानपुर परिवार**

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको
वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

हेटौंडा उपमहानगरपालिका कार्यालय
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर

**फोहोर पृथकीकरण (कुहिने र नकुहिने छुट्याउने) सम्बन्धी अत्यन्त जरूरी सूचना**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) तथा हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा २४ (१), (२) को व्यवस्था अनुसार २०७९ साल भाद्र ३ गतेदेखि स्रोतमा नै जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोरको पृथकीकरण गर्नुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्दछौं । उक्त व्यवस्था अनुसार फोहोर पृथकीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर वर्गीकरण गरी सकेसम्म आफ्नो घरबाट निस्किने कुहिने फोहर आफ्नै घरमा व्यवस्थापन गर्नु हुन अनुरोध गर्दछौं । सो व्यवस्थापन गर्न नसक्ने नगरबासीहरुले बारको आधारमा फोहोर संकलन गर्न आउने ढुवानी साधनमा फोहर निश्काशन गर्नहुन साथै बजार क्षेत्रका पसल व्यवसायीहरुले आफ्नो फोहोर डस्टबिनमा राखी फोहोर संकलन गर्न आउने ढुवानी साधन आँउदामात्र फोहोर निश्काशन गर्न जानकारी गराईन्छ ।

*सडक, सार्वजनिक स्थल, खोलामा जथाभावी फोहोर हुनबाट रोकौं*
***सफा हेटौंडा अभियान**लाई सफल पारौं ।*

URL: www.sajhakuranews.com

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***


**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२



**बिक्की फ्रेस मिट शप**
हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**